# महालक्ष्मी नगरपालिका कर्मचारी तहबृद्धि निर्देशिका, २०८०

१. प्रस्तावना: महालक्ष्मी नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कोशी प्रदेश सरकारवाट जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी तहबृद्धि गर्न वाञ्छनीय भएकाले महालक्ष्मी नगर कार्यपालिकाले यो निर्देशिका जारी गरिएको छ ।

२. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम: महालक्ष्मी नगरपालिका कर्मचारी तहवृद्धि निर्देशिका, २०८० हुनेछ ।

(२) प्रारम्भ: यो निर्देशिका महालक्ष्मी नगर कार्यपालिकावाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(ग) "निर्देशिका" भन्नाले महालक्ष्मी नगरपालिका कर्मचारी तहवृद्धि निर्देशिका, २०८० लाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका, जितपुर, धनकुटालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटालाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटामा समायोजन भएका अन्य सेवाका कर्मचारी, सरकारी सेवाका कर्मचारी र समायोजन पछि सङ्घीय तथा प्रदेश लोक सेवा आयोगवाट सिफारिस भई नियुक्ति भएका यो निर्देशिका प्रारम्भ हुँदाका वखत वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ज) "तह बृद्धि" भन्नाले कोशी प्रदेश सरकारवाट जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४(५), ८(१६) र २८(१) अनुसार गरिने तह बृद्धिलाई सम्झनु पर्दछ ।

(ज) "सिफारिस समिति" भन्नाले निर्देशिकाको नियम ५ अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

(झ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

४. सूचना प्रकाशन गर्ने: (१) यो कार्यविधि बमोजिम महालक्ष्मी नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको असार महिना र पौष महिनामा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई नगरपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र वेव साइटमा सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा तह वृद्धिको लागि अध्यादेश तथा यस कार्यविधि बमोजिम तह बृद्धि हुन अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिम योग्यता पूरा गरेका स्थायी कर्मचारीले तोकिएको म्याद भित्र



महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जितपुर, धनकुटा कोशी प्रदेश, नेपाल

धुवराज राया
प्रमुख

तह बृद्धिका लागि अनुसुची २ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी तोकिएको म्यादभित्र कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी,

ख) हालको पदमा बढुवा वा स्तरवृद्धि भएको भए सो को प्रतिलिपी,

ग) समायोजन भएको पत्रको प्रतिलिपी,

घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

ङ) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि

च) यस नगरपालिकामा स्थायी दरबन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीले आफु कार्यरत रहेको कार्यालयमा नियमित रुपमा कामकाज गरि रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तह वृद्धिको आवेदन दिने म्याद समाप्त भएपछि सात दिनभित्र सिफारिश समितिवाट सिफारिश भए पश्चात थप सात दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गरी अनुसुची ३ बमोजिमको ढाँचामा तहवृद्धिको पत्र दिईनेछ ।

**५. सिफारिस समिति :**(१) अध्यादेशको दफा ४(५), दफा ८(१६) र दफा २८ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न दफा २८(३) अनुरुपको सिफारिस समिति रहनेछ ।

(२) कर्मचारीको तहबृद्धि गर्न तपसिल बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत- | संयोजक |
| ख. कार्यपालिकाले तोकेको १ जना महिला वरिष्ठतम् अधिकृत स्तरको कर्मचारी- | सदस्य |
| ग. कार्यपालिकाले तोकेको वरिष्ठतम् अधिकृत स्तरको कर्मचारी (सामान्य प्रशासन शाखाको प्रमुख)- | सदस्य सचिव |

(३) समितिको बैठक सम्बन्धी आवश्यक कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सिफारिस समितिको सचिवालयको काम कार्यालयको सामान्य प्रशासन शाखाले गर्नेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकारः (१) सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(क) तह वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

(ख) आवेदन पेशका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने ।

(ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(घ) न्यूनतम मापदण्ड पुरा गरेका कर्मचारीहरुको तह बृद्धिको लागि निर्णय गर्ने ।

(ङ) कर्मचारीहरुको नामावली सहित तह बृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

(६) सिफारिसः (१) सिफारिस समितिले सूचना आवेदन दिने म्याद समाप्त भएपछि ७ दिनभित्र कार्यालयमा तह वृद्धिको सिफारिस गर्नुपर्नेछ ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सितपुर, धनकुटा
कोशी प्रदेश, नेपाल

धुवराज राया
प्रमुख

CamScanner

(२) नियम (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) सिफारिस गर्दा अध्यादेशमा उल्लिखित सेवा अनुसार देहाय बमोजिम पद र स्तर तथा सेवा, समुह कायम हुने गरी सिफारिस गर्नु पर्नेछ । तह बृद्धिका लागि सिफारिस गरिएको पद स्वतः सिर्जना हुनेछ ।

(७) समितिका पदाधिकारीहरुले नगरपालिकामा गठित अन्य समितिका पदाधिकारीले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः तह बृद्धिको लागि अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिमको योग्यता र सेवा अवधि पुरा गरेको हुनु पर्नेछ ।

७. तह बुद्धि सम्बन्धी विशेष व्यवस्थाः १) अध्यादेशको दफा ८ को उपदफा (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकिय अधिकृतले तह तह वृद्धिको निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

२) अध्यादेशको दफा ८ को उपदफा (१६) अनुसार निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह बृद्धि गरिनेछ ।

३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रकृया पूरा गरी अध्यादेशमा तोकिए बमोजिम बढुवा समितिले बढुवा गर्नेछ ।

४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक तेस्रो र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन सम्ममा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक पटकका लागि क्रमशः चौथो र पाचौ तहमा स्वतः तह बृद्धि गरिनेछ ।

६. कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह बृद्धि गरिनेछ ।

७. निर्देशिकाको नियम (७) बमोजिम तह वृद्धि हुने पद स्वतः सृजना हुनेछ । यसरी स्वतः सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले बहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ ।

धुवराज राया
प्रमुख

CamScanner

(८) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरी अनुसुची ३ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनेछ ।

(९) यस कार्यविधि अनुरुप तहबृद्धि भएका कर्मचारीलाई अनुसुचि ३ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिइनेछ ।

(१०) स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा प्रचलित स्वास्थ्य सेवा सम्बन्धी कानुन बमोजिमको पद कायम गरि सिफारिस गर्नु पर्नेछ ।

(११) तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः (१) यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्वन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलवभन्दा घटी नहुने गरी कार्यालयबाट ग्रेड मिलान गरिनेछ ।

**८. जेष्ठता कायमः** तह बृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक वर्षको श्रावण १ र माघ १ गते देखि जेष्ठता कायम हुनेछ।

**९. बाधा, अड्काउ फुकाउ,:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा, अड्काउ फुकाउने अधिकार लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ ।

**१०. तह बृद्धि गर्न नहुनेः** (१) यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नियम ७ को उपनियम (१) बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैनः

क. निलम्वन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग. तलबवृद्धि रोक्का भएकोमा तलबबृद्धि रोक्का भएको अवधिभर,

घ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

**११. जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र कोशी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश निजामती किताबखाना, लोकसेवा आयोग र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

**१२. उजुरी, गुनासो र पुनरावेदनः** तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा
कोशी प्रदेश, नेपाल

२०८०।०३।०७
धुवराज राया
प्रमुख



CamScanner

## अनुसुची-१

### स्थानीय सेवा, समूहमा रहने तह र सो को पद, नाम:

| हालको | | तह वृद्धि गरिने पद | | कायम हुने | |
|---|---|---|---|---|---|
| स्तर | पद/तह | स्तर | पद/तह | सेवा | समुह |
| सहायकस्तर चौथो | नायब प्राविधिक सहायक | सहायकस्तर पाँचौं | प्राविधिक सहायक | स्था.कृ.से. | कृषि प्रसार समुह |
| सहायकस्तर चौथो | नायब प्राविधिक सहायक | सहायकस्तर पाँचौं | प्राविधिक सहायक | स्था.प.से. | पशु चिकित्सा समुह |
| सहायकस्तर चौथो | स.म.वि.नि. | सहायकस्तर पाचौं | म.वि.नि. | स्था.प्र.से. | विविध |
| सहायकस्तर चौथो | स.ले.पा. | सहायकस्तर पाचौं | लेखापाल | स्था.प्र.से. | सा.प्र./लेखा |
| सहायकस्तर चौथो | अमिन | सहायकस्तर पाचौं | सर्भेक्षक | स्था.ई.से. | सर्भे |
| सहायकस्तर चौथो | असि. सब इन्जिनियर | सहायकस्तर पाचौं | सब इन्जिनियर | स्था.ई.से. | सिभिल |
| सहायकस्तर चौथो | खरिदार | सहायकस्तर पाचौं | नायव सुब्बा | स्था.प्र.से. | सा.प्र. |
| सहायकस्तर पाँचौं | प्राविधिक सहायक | अधिकृतस्तर छैठौं | सहायक कृषि प्रसार अधिकृत | स्था.कृ.से. | कृषि प्रसार समुह |
| सहायकस्तर पाँचौं | प्राविधिक सहायक | अधिकृतस्तर छैठौं | सहायक पशु विकास अधिकृत | स्था.प.से. | पशु चिकित्सा समुह |
| सहायकस्तर पाचौं | कानुन सहायक | अधिकृतस्तर छैठौं | सहायक कानुन अधिकृत | स्था.प्र.से. | कानुन |
| सहायकस्तर पाचौं | प्राविधिक सहायक | अधिकृतस्तर छैठौं | सहायक विद्यालय निरिक्षक | स्था.शि.से | शिक्षा प्र. |
| सहायकस्तर पाँचौं | सब इन्जिनियर | अधिकृतस्तर छैठौं | सहायक इन्जिनियर | स्था.ई.से. | सिभिल |
| सहायकस्तर पाँचौं | नायब सुव्वा | अधिकृतस्तर छैठौं | अधिकृत | स्था.प्र.से. | सा.प्र. |
| सहायकस्तर पाँचौं | लेखापाल | अधिकृतस्तर छैठौं | सहायक लेखा अधिकृत | स्था.प्र.से. | सा.प्र./लेखा |
| सहायकस्तर पाँचौं | आन्तरिक लेखा परिक्षक | अधिकृतस्तर छैठौं | आन्तरिक लेखा परिक्षण अधिकृत | स्था.प्र.से. | आ.ले.प. |
| सहायकस्तर पाचौं | महिला विकास निरिक्षक | अधिकृतस्तर छैठौं | सहायक महिला विकास अधिकृत | स्था. प्र. | विविध |
| अधिकृतस्तर छैठौं | सहायक कानुन अधिकृत | अधिकृतस्तर सातौं | कानुन अधिकृत | स्था.प्र.से. | कानुन |
| अधिकृतस्तर छैठौं | सहायक विद्यालय निरिक्षक | अधिकृतस्तर सातौं | विद्यालय निरिक्षक | स्था.शि. | शिक्षा प्र. |
| अधिकृतस्तर छैठौं | सहायक सुचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौं | सहायक सुचना प्रविधि अधिकृत | स्था.ई. | सुचना तथा प्रविधि |
| अधिकृतस्तर छैठौं | सहायक इन्जिनियर | अधिकृतस्तर सातौं | इन्जिनियर | स्था.ई.से. | सिभिल |
| अधिकृतस्तर छैठौं | अधिकृत | अधिकृतस्तर सातौं | शाखा अधिकृत | स्था.प्र.से. | सा.प्र. |
| अधिकृतस्तर छैठौं | सहायक कृषि प्रसार अधिकृत | अधिकृतस्तर सातौं | कृषि प्रसार अधिकृत | स्था.कृ.से. | कृषि प्रसार समुह |
| अधिकृतस्तर छैठौं | सहायक पशु विकास अधिकृत | अधिकृतस्तर सातौं | पशु विकास अधिकृत | स्था.प.से. | पशु चिकित्सा समुह |
| अधिकृतस्तर छैठौं | सहायक लेखा अधिकृत | अधिकृतस्तर सातौं | लेखा अधिकृत | स्था.प्र.से. | सा.प्र./लेखा |
| अधिकृतस्तर छैठौं | सहायक महिला विकास अधिकृत | अधिकृतस्तर सातौं | महिला विकास अधिकृत | स्था. प्र. | विविध |
| अधिकृतस्तर सातौं | इन्जिनियर | अधिकृतस्तर आठौं | वरिष्ठ इन्जिनियर | स्था.ई.से. | सिभिल |
| अधिकृतस्तर सातौं | शाखा अधिकृत | अधिकृतस्तर आठौं | वरिष्ठ शाखा अधिकृत | स्था.प्र.से. | सा.प्र. |
| अधिकृतस्तर सातौं | लेखा अधिकृत | अधिकृतस्तर आठौं | वरिष्ठ लेखा अधिकृत | स्था.प्र.से. | सा.प्र./लेखा |
| अधिकृतस्तर सातौं | कृषि प्रसार अधिकृत | अधिकृतस्तर आठौं | वरिष्ठ कृषि प्रसार अधिकृत | स्था.कृ.से. | कृषि प्रसार समुह |
| अधिकृतस्तर सातौं | पशु विकास अधिकृत | अधिकृतस्तर आठौं | वरिष्ठ पशु विकास अधिकृत | स्था.प.से. | पशु चिकित्सा समुह |
| अधिकृतस्तर सातौं | विद्यालय निरिक्षक | अधिकृतस्तर आठौं | वरिष्ठ विद्यालय निरिक्षक | स्था.शि. | शिक्षा प्र. |



धुवराज राया
प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकृतस्तर आठौं | वरिष्ठ ईन्जिनियर | अधिकृतस्तर नवौं | डिभिजनल ईन्जिनियर | स्था.ई.से. | सिभिल |
| अधिकृतस्तर आठौं | वरिष्ठ विद्यालय निरिक्षक | अधिकृतस्तर नवौं | उप-शिक्षा निर्देशक | स्था.शि.से. | शिक्षा प्र. |
| अधिकृतस्तर आठौं | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर नवौं | उप निर्देशक | स्था.प्र.से. | सा.प्र. |
| अधिकृतस्तर नवौं | डिभिजनल ईन्जिनियर | अधिकृतस्तर दशौं | सिनियर डिभिजनल ईन्जिनियर | स्था.ई.से. | सिभिल |
| अधिकृतस्तर नवौं | उप- शिक्षा निर्देशक | अधिकृतस्तर दशौं | शिक्षा निर्देशक | स्था.शि.से. | शि.प्र. |
| अधिकृतस्तर नवौं | उप निर्देशक | अधिकृतस्तर दशौं | निर्देशक | स्था.प्र.से. | सा.प्र. |
| स्थानीय स्वास्थ्य सेवा तर्फः | | | | | |
| सहायकस्तर चौथो | अ.हे.व. | सहायकस्तर पाँचौ | सि.अ.हे.व. | स्था. स्वा. से. | हेल्थ ईन्सपेक्सन |
| सहायकस्तर चौथो | ल्याब असिष्टेन्ट | सहायकस्तर पाँचौ | वरिष्ठ ल्याब असिष्टेन्ट | स्था. स्वा. से. | मेडिकल ल्याब टेक्नोलोजि |
| सहायकस्तर चौथो | अ.न.मि. | सहायकस्तर पाँचौ | सि.अ.न.मि. | स्था. स्वा. से. | कम्युनिटी नर्सिङ्ग |
| सहायकस्तर पाँचौ | सि.अ.हे.व. | अधिकृतस्तर छैठौं | सि.अ.हे.व. अधिकृत | स्था. स्वा. से. | हेल्थ ईन्सपेक्सन |
| सहायकस्तर पाँचौ | सि.अ.न.मि. | अधिकृतस्तर छैठौं | सि.अ.न.मि. निरिक्षक | स्था. स्वा. से. | कम्युनिटी नर्सिङ्ग |
| सहायकस्तर पाँचौ | स्टाफ नर्स | अधिकृतस्तर छैठौं | अस्पताल नर्सिङ्ग निरिक्षक | स्था. स्वा. से. | जेनरल नर्सिङ्ग |
| सहायकस्तर पाँचौ | वरिष्ठ ल्याब असिष्टेन्ट | अधिकृतस्तर छैठौं | ल्याब असि. निरिक्षक | स्था. स्वा. से. | मेडिकल ल्याब टेक्नोलोजि |
| सहायकस्तर पाँचौ | हेल्थ असिष्टेन्ट | अधिकृतस्तर छैठौं | जन स्वास्थ्य निरिक्षक | स्था. स्वा. से. | हेल्थ ईन्सपेक्सन |
| अधिकृतस्तर छैठौं | अस्पताल नर्सिङ्ग निरिक्षक | अधिकृतस्तर सातौं | वरिष्ठ अस्पताल नर्सिङ्ग निरिक्षक | स्था. स्वा. से. | जेनरल नर्सिङ्ग |
| अधिकृतस्तर छैठौं | जन स्वा. निरिक्षक | अधिकृतस्तर सातौं | वरिष्ठ जन स्वा. अधिकृत | स्था. स्वा. से. | हेल्थ ईन्सपेक्सन |
| अधिकृतस्तर छैठौं | नर्सिङ्ग निरिक्षक अधिकृत | अधिकृतस्तर सातौं | वरिष्ठ अस्पताल नर्सिङ्ग निरिक्षक | स्था. स्वा. से. | जेनरल नर्सिङ्ग |
| अधिकृतस्तर सातौं | जन स्वा. अधिकृत | अधिकृतस्तर आठौं | व. जन स्वास्थ्य अधिकृत | स्था. स्वा. से. | हेल्थ ईन्सपेक्सन |
| अधिकृतस्तर आठौं | मेडिकल अधिकृत | अधिकृतस्तर नवौं | वरिष्ठ मेडिकल अधिकृत | स्था. स्वा. से. | जेनरल हेल्थ सर्भिस |

धुवराज राया
प्रमुख

अनुसूची -२

(निर्देशिकाको नियम ४ (२) सँग सम्बन्धित)

## तह बृद्धिको लागि दिइने आवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटा।

मितिः २०८  /  /

विषयः तह बृद्धि गरि पाउँ ।

उपरोक्त सम्बन्धमा महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट तह बृद्धिका लागि आवेदन पेश गर्न मिति २०८  /  / मा प्रकाशित सूचना अनुसार म कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम महालक्ष्मी नगरपालिकामा तपशिल बमोजिम समायोजन भई न्यूनतम सेवा अवधि समेत पुरा गरेको हुँदा उक्त अध्यादेश अनुसार तहबृद्धि गरीदिन हुन निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेकोछु ।

| समायोजन पूर्वको विवरण | समायोजन हुँदाको विवरण |
|---|---|
| पद : | पदः |
| स्तर : | स्तरः |
| सेवा : | सेवाः : |
| कार्यालय : | कार्यालय : |
| शुरु नियुक्ति मिति : | समायोजन भएको मिति : |

संलग्न कागजातहरु

१ प.सं.     ,चलानी नम्बर     ,मिति २०८  /  /  गतेको हालको पदमा शुरु स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।

२ प.सं.     ,चलानी नम्बर     ,मिति २०८  /  /     गतेको समायोजन पत्रको प्रतिलिपि।

३ शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि थान-   (     ) ।

४ सेवाकालिन तालिम प्रमाणपत्रको प्रतिलिपि ।

५. अन्यः

निवेदक

सहिः

नाम, थर :

पदः                    मोवाईल नम्वरः

कर्मचारी सङ्केत नम्बर :

कार्यालयः महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटा।



ध्रुवराज राया
प्रमुख

अनुसूची -३

(निर्देशिकाको नियम ७ (८) सँग सम्बन्धित)

**तह बृद्धि तथा नियुक्ति पत्रको ढाँचा**

पत्र संख्याः मितिः २०८ / /

चलानी नम्बरः

विषयः तह बृद्धि गरि नियुक्ति तथा पदस्थापना गरिएको सम्बन्धमा।

तपाईंलाई महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८ / / गतेको निर्णयानुसार मिति २०८ / / देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तह बृद्धि गरि नियुक्ति तथा पदस्थापना गरिएको छ । तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना छ ।

श्री ......................, .................

कर्मचारी संकेत नम्बरः ............

महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटा।

तपशिलः

| समायोजन तथा समायोजन मिलान भएको | तह बृद्धि गरि नियुक्ति तथा पदस्थापना गरेको |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |
| स्तरः | स्तरः |
| शुरु नियुक्ति मितिः | हाल तह बृद्धि तथा नियुक्ति मितिः |
| कार्यालय : | कार्यालय : |

...............................

प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश किताबखाना, विराटनगर ।

श्री नागरिक लगानी कोष, विराटनगर/नयाँबानेश्वर, काठमाडौं ।

श्री कर्मचारी सञ्चयकोष, धनकुटा/ ठमेल, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा ।

श्री आर्थिक प्रशासन शाखा, महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटा।



महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जितपुर, धनकुटा कोशी प्रदेश, नेपाल

धुवराज राया
प्रमुख